ताँजाकोट गाउँपालिका

ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ११ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्व साधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

भाग–०१

ताँजाकोट गाउँपालिकाजल स्रोत उपयोग ऐन २०७९

प्रस्तावना : ताँजाकोट गाउँपालिका भित्र रहेको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न, नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले जलस्रोत उपयोग ऐन २०७९ जारी गरिएको छ।

परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " जलस्रोत उपयोग ऐन, २०७९" रहको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भएको मिति देखि लागू हुने छ।

२. **परिभाषा** : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "जलस्रोत भन्नाले" ताँजाकोट गाउँपालिका भित्रको नदी,खोला नाला ,भू-सतहमा, जमिन भित्रबाट निकालिएको पानी को मुल वा निकालिए भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानीको स्रोतलाई सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले ताँजाकोट गाउँपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँकार्यपालिका लाई सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "मुहान" भन्नाले गाउँपालिका भित्र रहेका पानीको मूलका वा भूमिगत स्रोतलाई जनाउँछ।

(ज) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन, तथा मर्मत सम्भार आदि कार्य गर्नका लागि गरिने लिखित करारनामा वा कवुलियतनामाको लिखतलाई जनाउँछ।

(झ) "लाभदायक उपभोग" भन्नाले उपलब्ध स्रोत र साधनले भ्याए सम्म उचित रुपले जलस्रोतको उपभोग सम्झनु पर्छ।

(ञ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपभोग गर्ने दफा १० बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(ट) "उपभोक्ता संस्था" भन्नाले दफा ७ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ।

(ठ) "उद्योग" भन्नाले जलस्रोत वा जलस्रोत संग सम्वन्धित प्रशोधित वा अप्रशोधित उद्योग, व्यवसायलाई सम्झनु पर्छ।

परिच्छेद -२

जलस्रोत उपयोग सम्बन्धी व्यवस्था

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड वा सम्बन्धित विषयमा प्रचलित कानुन तोकिए बमोजिम सम्झनु पर्छ।

३. **जल स्रोत उपयोग**ः (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोत को उपयोग तथा जलस्रोतबाट आयआर्जन हुने पेशा, व्यवसाय वा उद्योग संचालन गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन ः-

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न, (ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्ने छ।

४. **जल उपयोग समितिको गठन** : (१) यस गाउँपालिकाले देहाय बमोजिमको गाउँपालिकास्तरीय जल उपयोग समिति गठन गर्न सकिने छ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष- सदस्य

(ग) कार्यपालिकाले तोकेको एक जना दलित महिला सहित ३ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) गाउँपालिकाको अध्यक्षले तोकेका खानेपानी तथा सरसफाई गाउँपालिकास्तरीय महासंघका एक जना प्रतिनिधि - सदस्य

(च) गाउँपालिकाका अध्यक्षबाट मनोनित जलस्रोत तथा सिचाँई विकास डिभिजन कार्यालयका प्रतिनिधि १ जना - सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिव

५.जल उपयोग समितिको काम, कर्तव्य र अधिकार : (१) गाउँपालिका क्षेत्र भित्रको जलस्रोत सम्बन्धी व्यवस्था गर्न जल उपयोग समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुने छ।

(क) गाउँपालिका क्षेत्र भित्र रहेको नदी, खोला, पानीको मुहान, तालतलैया, पोखरीहरुको पहिचान तथा संरक्षण,

(ख) गाउँपालिका क्षेत्र भित्रको सबै प्रकारको जलस्रोतलाई संरक्षण, संवर्द्धननियमन गर्ने र त्यसबाट हुने प्राकृतिक प्रकोप सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतमा आधारित उद्योग, व्यवसाय संचालनको अनुमति सिफारिस गर्ने।

(घ) गाउँपालिका क्षेत्रभित्र संचालित जलस्रोतसंग सम्वन्धित उद्योग, कालकारखाना वा व्यवसाय संचालन अनुमति प्राप्त गर्दा भएका सहमतिका शर्तहरु पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(ङ) जलस्रोतको न्यायोचित उपयोग तथा वितरण भए नभएको अनुगमन गर्ने,

(च) जलश्रोतमा आधारित साना, मझौला तथा ठूला आयोजनाका प्राभावित स्थलका वासिन्दाहरुले आयोजनाबाट पाउनु पर्ने सेवा सुविधाहरु प्राप्तिमा सुनिश्चितता प्रदान गर्न आवश्यक पहल गर्ने,

(छ) जलश्रोतमा आधारित ठूला परियोजनाहरुका लागि परियोजना अध्ययन, अनुसन्धान, निर्माण, सञ्चालन गर्नका लागि संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि आवश्यक राय पेश गर्ने,

(ज) जलश्रोतमा आधारित उद्योग, व्यवसाय, र परियोजना सञ्चालन गर्दा प्रयोग हुने स्थानीय श्रोत साधनहरु जस्तैः(खानीजन्य ढुंङ्गा, गिट्टी, बालुवा, माटो, तथा वनपैदावार प्रयोग गरे वापत नियमानुसार प्राप्त हुने रोयल्टी निर्धारणको सिफारिस गर्ने,

(झ) परियोजनाको प्रभावित क्षेत्रभित्र सम्बन्धित सरोकारवालासँग उत्पन्न हुने विवादहरुको समाधान गर्न आवश्यक पहल गर्ने,

(ञ) जलस्रोत सर्वेक्षण तथा उयोगको लागि प्राप्त निवेदन उपर छलफल गरी राय पेश गर्ने,

६. **वडा स्तरिय जलश्रोत उपयोग समितिको गठन** : (१) गाउँपालिका क्षेत्र भित्र जलश्रोतमा आधारित परियोजनाहरुबाट अति प्रभावित, प्रत्यक्ष प्रभावित र दीर्घकालीन प्रभावितको सम्बन्धमा प्रत्यक्ष प्रभावित सरोकारवाला वासिन्दाको हकहित स्थापित गराउन गाउँपालिकामा वडा स्तरीय जल उपयोग समितिको रोहवरमा देहाय बमोजिमको सरोकार समितिको गठन गर्न सक्ने छ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरु सवै - सदस्य

(ग) टोल विकास संस्थाका अध्यक्षहरु मध्येबाट १ जना - सदस्य

(घ) युवाक्लवका अध्यक्षहरु मध्येबाट १ जना - सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(च) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका स्थानीय स्तरका एक/एक जना प्रतिनिधिहरु आमन्त्रित सदस्य

(२) वडा स्तरिय जलश्रोत उपयोग समितिको काम, कर्तव्य र अधिकार :

(क) सरोकारवालाहरुको भेला गराई परियोजना सञ्चालकहरुबाट परियोजनाको बारेमा स्पष्ट जानकारी लिने,

(ख) परियोजनाबाट वडा स्तरमा प्रभावहरुको मूल्याङ्कन गरी त्यसबाट हुने क्षतिपूर्तिको निर्धारण गरी सिफारिस गर्ने,

(ग) संचालक र सरोकारवालाको सहमतिमा चलन चल्तीको मूल्याङ्कनका आधारमा मुआब्जा निर्धारण गरी सिफारिस गर्ने,

(घ) परियोजना सञ्चालक र सरोकारवालाहरु बिचमा समन्वय र समझदारी कायम गराउन मध्यस्थ कर्ता वा मेलमिलाप कर्ताको भूमिका निर्वाह गर्ने,

(ङ) परियोजनाको अवधिभर त्यस क्षेत्रको शान्ति सुरक्षा र सामाजिक वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन परियोजना सञ्चालकहरुलाई सचेत गराउने,

(च) प्रभावित क्षेत्रमा सडक, शिक्षा, स्वास्थ्य, सिचाई, खानेपानी, वातावरण संरक्षण र रोजगारीको लागि परियोजना सञ्चालनहरु संग आवश्यक पहल गरी सहमति गर्ने तथा कार्यान्वयका लागि गाउँपालिकामा सिफारिस गर्ने,

(छ) समितिका सदस्यहरुले परियोजनासंग अनुचित लाभ लिने/दिने कार्य गरेको सम्वन्धमा छानविन गरी आवश्यक कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्ने,

(ज) परियोजनासँग भएको सहमतिका विषयमा गाउँपालिकामा जानकारी गराउने र सो सम्वन्धमा गाउँपालिकाको निर्णय र प्राप्त निर्देशनको पालना तथा कार्यान्वयन गर्ने गराउने ।

७. **जल उपभोक्ता संस्थाको गठन** : (१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम जल उपभोक्तासंस्था गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँपालिकामा तोकिए बमोजिम दर्ता गराउनु पर्ने छ ।

८. **जल उपभोक्ता संस्था सङठित संस्था हुने** : (१) उपभोक्ता संस्था सङ्गठित संस्था हुने छ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुने छ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्ने छ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने छ ।

९. **जलस्रोत उपयोगको प्राथमिकताक्रम**:(१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्ने छ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ३ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित

जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुने छ। (४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुने छ।

परिच्छेद–३
अनुमतिपत्र सम्वन्धी व्यवस्था

१०. **अनुमतिपत्रको व्यवस्था** : (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई गाउँपालिकामा अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने छ। तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा एकसय वीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्ने छ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र गाउँपालिका समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्ने छ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्ने छ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकाबाट तोकिएबमोजिम स्वीकृति लिनुपर्ने छ।

परिच्छेद-४
पानीको मुहान सम्बन्धी व्यवस्था

११. **पानीको मुहान सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्र भित्र रहेका पानीको मुहानको अनुमति वा स्वीकृति विना कुनै पनि आयोजना सञ्चालन गर्न पाइने छैन।

(२) उपदफा (१) मा उल्लेख गरिएको पानीको मुहान सम्बन्धमा साविकदेखि सञ्चालन हुँदै आएको रहेछ भने पनि गाउँपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्ने छ। यदि नलिएमा गाउँपालिकाले सञ्चालनमा रोक लगाउनमा सक्ने छ।

३.नदी, खोला र खोल्साबाट बग्ने पानी, कुनै व्यापार व्यवसाय सञ्चालन गर्नका लागि देहाय बमोजिमको अनुमति वा स्वीकृति लिएर मात्र आयोजना सञ्चालन गर्न पाउनेछ। यदि अनुमति नलिई गरेमा गाउँपालिकाले रोक लगाउन सक्ने छ।

(क) गाउँपालिका क्षेत्र भित्रका जलस्रोतको सम्बन्धमा जल उपयोग व्यवस्था समिति र सरोकारवाला समितिको राय सुझावका आधारमा गाउँपालिकाले संरक्षण र संवर्द्धन गर्नेछ र उक्त समितिहरुको सिफारिसमा मात्र अनुमति वा स्वीकृति दिइनेछ।

(ख) गाउँपालिका क्षेत्र भित्र रहेका जलाधारहरुलाई व्यवस्थित गरी उपयोग गर्न गाउँपालिकाको अधीनमा रहनेछ। संघ र प्रदेशका निम्ति आवश्यक परेमा सम्बन्धित गाउँपालिकाको सहमति लिएर मात्र परियोजना सञ्चालन गर्न सक्ने छ।

(ग) पानीबाट सञ्चालन हुने उद्योग, कृषि व्यवसायका लागि भए समय समयमा गाउँपालिकाको गाउँसभाले तोकिए बमोजिमको कर वा शुल्क लगाउन सक्ने छ।

(घ) पानीको मुहान भएको ठाउँ व्यक्ति विशेषको जग्गामा भए पनि गाउँपालिकाको अधीनमा हुने छ।

(ङ) साविकदेखि चलिरहेको कुलो, नाला, पिउने पानीको सम्बन्धमा कुनै कर लागाइने छैन। कसैले व्यापार व्यवसाय गरे वापत गाउँपालिकाले निर्धारण गरे बमोजिम कर वा शुल्क लाग्ने छ।

(च) समुदाय, उपभोक्ता, व्यक्ति विशेष वा कम्पनी वा संस्थाले पानीको मुहानबाट पानी लैजानका लागि गाउँपालिकाको स्वीकृति नलिई लैजान पाइने छैन । यदि विना अनुमति लगेको पाईएमा गाउँपालिकाले रोक लगाउन सक्ने छ।

(छ) पानीबाट उत्पादन हुने उर्जा, व्यवसायिक खानेपानी (मिनरल वाटर), व्यवसायिक माछापालन, कृषि व्यवसाय तथा अन्य कृषिजन्य खेती लगायतका कार्य गर्न गाउँपालिकाको स्वीकृति लिएर मात्र उधोग तथा व्यवसाय सञ्चालन गर्न सक्ने छ।

(ज) खानेपानीको महशुल गाउँसभाले तोकिए बमोजिम हुनेछ।

१२. **सम्झौताः** गाउँपालिकाको सम्वन्धित वडा कार्यालयले जलस्रोत सम्बन्धी विषयमा सम्झौता गर्नुपर्नाका कारण सहित कार्यपालिका समक्ष सिफारिस गरी पठाउनु पर्ने छ र कार्यपालिकाले समेत स्थानीय वासिन्दाको हितमा छ छैन सोको अध्ययन गरी सम्बन्धित वडा स्तरीय जल उपयोग समितिको रोहवरमा गाउँपालिकाको अध्यक्षले दुई पक्ष बिच सम्झौता गर्न सक्नेछ।

१३. **अनुमति रद्ध हुने अवस्थाः** गाउँपालिकाले दिएको अनुमति बमोजिम काम नगरेमा, एक बर्ष भित्र निर्माण कार्य सुरु नगरेमा, बुझाउनु पर्ने रोयल्टी नबुझाएमा, प्रचलित कानुनको उल्लंघन गरेमा अनुमती-पत्र रद्ध गर्न सक्ने छ।

१४. **दण्ड सजायको व्यवस्था** : (१) गाउँपालिकाले कुनै पनि कम्पनी, फर्म, र व्यक्तिले गैरकानुनी उद्योग, व्यवसाय संचालन गर्न पाउने छैन । यदि गरेको पाइएमा कानुन बमोजिम कारवाही गरीनेछ र उक्त कम्पनी, फर्म, र व्यक्तिलाई कालो सूचीमा समेत राख्न सक्ने छ।

१५. **संशोधन** : (१) यस ऐनलाई संशोधन गर्न आवश्यक ठानिएमा गाउँसभाले संशोधन गर्न सक्ने छ। १६. खारेजी र बचाऊ : (१) यस अघि भएका कामहरु यस ऐन

बमोजिम भएको मानिनेछ। यदि प्रदेश र संघको कानुनसँग बाझिएमा बाझिएको हदसम्म कानुन बमोजिम हुने छ।

१७. **नियम तथा कार्यविधि बनाउँन सक्ने** : (१) यस ऐन बमोजिम कार्यपालिकाले आवश्यक नियम, निर्देशिका,कार्यविधि बनाई लागु गर्न सक्नेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत